'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १९० | विहिवार २२ फागुन, २०८१ | 06 (Thursday) March 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

## कर्णाली नदी र निकुञ्ज क्षेत्रको दीर्घकालीन समाधान खोज्दै सुझाव समिति

सरला सुवेदी

बाँके, फागुन/२१



लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीस्तरीय दोस्रो संयुक्त बैठकबाट गठित सुझाव समितिले तयार पारेको प्रतिवेदन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलाई हस्तान्तरण गरिएको छ । समितिका संयोजक सामाजिक विकास मन्त्रालयका सचिव अणप्रसाद न्यौपाने र सदस्य सचिव सुशील बस्नेतले उक्त प्रतिवेदन मुख्यमन्त्री आचार्य तथा प्रमुख सचिव बावुराम अधिकारीलाई बुझाउनुभएको हो । मुख्यमन्त्री आचार्यले राष्ट्रिय निकुञ्ज क्षेत्र र नदी क्षेत्रमा देखिएका समस्या समाधानका लागि संघीय सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले सुझाव समितिको प्रतिवेदनलाई गम्भीरताका साथ अध्ययन गरी कार्यान्वयनका लागि आवश्यक नीति तथा योजना बनाइने बताउनुभयो । सुझाव समितिले तयार पारेको प्रतिवेदनमा कर्णाली नदी क्षेत्रको संरक्षण, दिगो उपयोग र व्यवस्थापनका लागि बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्ने निष्कर्ष निकालिएको छ । प्रतिवेदनअनुसार सम्बन्धित सरोकारवालासँग सहकार्य गर्दै प्रभावकारी कार्यान्वयन गरिनुपर्ने लुम्बिनी प्रदेश सरकारले जनाएको छ । सुझाव समितिको प्रतिवेदनमा कर्णाली नदीको बहावलाई सन्तुलित राख्न विशेष योजना आवश्यक रहेको उल्लेख छ । बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रसँग समन्वय गरी जलप्रवाह अवरुद्ध भएका नौ स्थानबाट करिब ८ लाख १८ हजार ७५० घनमिटर नदीजन्य पदार्थ हटाउनुपर्ने प्रतिवेदनमा सिफारिस गरिएको छ । यसका लागि संघीय सरकारबाट अनुमति लिएर तत्काल कार्य प्रारम्भ गरिनुपर्ने बताइएको छ । प्रतिवेदनले कैलालीतर्फ नदी बहावलाई व्यवस्थित गर्दै अनियन्त्रित उत्खनन रोक्नुपर्ने योजना अघि सारेको छ । उत्खनन गरिने क्षेत्रको निरन्तर अनुगमन गरी मापदण्ड विपरीत उत्खनन भए तत्काल कारबाही गर्नुपर्ने उल्लेख छ । साथै, चिसापानी पुलमुनि गहिरिँदै गएको नदी सतहलाई नियन्त्रण गर्न आवश्यक संरचना निर्माण गरिनुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ । रानी जमरा कुलरिया सिँचाइ आयोजना क्षेत्रको जलस्रोत व्यवस्थापनलाई सुदृढ बनाउन गेरुवा नदीतर्फ पानीको बहाव बढाउने गरी जलाशययुक्त बाँध वा संरचना निर्माण गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । यसको लागि आवश्यक बजेट व्यवस्थापन गरी जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयमार्फत कार्यान्वयन गर्न जोड दिइएको छ । प्रतिवेदनले कर्णाली नदीको नदीजन्य स्रोतको उपयोग तथा संरक्षणमा दीर्घकालीन समाधान खोज्न विस्तृत अध्ययन तथा सर्वेक्षण गरिनुपर्ने सिफारिस गरेको छ । बर्दियाको गेरुवा, राजापुर क्षेत्र तथा कैलालीको लम्कीचुहा, जानकी, टिकापुर क्षेत्रलाई केन्द्र मानी मानव सभ्यता, पर्यावरण र विकासको नमूना बन्ने गरी व्यापक गुरुयोजना तयार गरिनुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ । मुख्यमन्त्री आचार्यले नदी व्यवस्थापन, निकुञ्ज क्षेत्रका समस्याको दीर्घकालीन समाधान र पर्यावरणीय सन्तुलन कायम गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरी योजनाबद्ध रूपमा अघि बढ्ने बताए । उनले प्रतिवेदनमा उल्लेखित योजनाहरू प्रदेश सरकारका प्राथमिकतामा रहने र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाइने बताउनुभयो । सुझाव समितिले कर्णाली नदी र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा देखिएका समस्या समाधानका लागि ठोस योजना अघि सारेको छ । प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरी यी योजनाहरूलाई कार्यान्वयन गर्न सकेमा नदी व्यवस्थापन, सिँचाइ प्रणालीको सुदृढीकरण, पर्यावरणीय सन्तुलन र निकुञ्ज क्षेत्रमा देखिएका समस्या समाधान हुने अपेक्षा गरिएको छ ।

## मुख्यमन्त्री कोहलपुर गोल्डकप
## आयोजक रेसिङ साहारा क्लब फाइनल प्रवेश

नमस्ते समचारदाता

कोहलपुर, फागुन/२१



मुख्यमन्त्री कोहलपुर गोल्डकपमा कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरेको छ । बुधबार प्लानिङ व्वाईज युनाइटेड क्लब, काठमाडौँलाई पेनाल्टी सुटआउटमा हराउँदै कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरेको हो । दोस्रो हाफको ४७औँ मिनेटमा कोहलपुर रेसिङ साहारा क्लबका श्याम बिडारीले पहिलो गोल गरेर टिमलाई अग्रता दिलाएका थिए । खेलको ५६औँ मिनेटमा प्लानिङ व्वाईज युनाइटेड क्लब, काठमाडौँ ओम प्रकाश चौधरीले बराबरी गोल फर्काए । निर्धारित समयमा ११ को बराबरी भएपछि पेनाल्टी सुटआउटमा प्लानिङलाई ४-३ ले हराउँदै कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरेको हो । आयोजक कोहलपुर रेसिङ साहारा क्लबको यो दोस्रो जित हो । समूह चरणको पहिलो खेलमा कोहलपुर रेसिङ साहारा क्लबले लुम्बिनी फुटबल एकेडेमीलाई हराएको थियो । खेलको म्यान द म्याच कोहलपुर रेसिङ साहारा क्लबका गोलकिपर अमानत शेष भए । उनले नगद् पाँच हजार रुपैयाँ प्राप्त गरे । शेषलाई नेपालगन्ज उपमहानगर पालिकाका नगरप्रमुख प्रसान्त विष्ट र कोहलपुर नगरपालिकाका उपप्रमुख संगीता सुवेदीले नगदसहित ट्रफी हस्तान्त्रण गरेका थिए । कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा फागुन १७ गते देखि प्रतियोगिता सुरु भएको हो । घाना र भारतीसहित आठ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रुपैयाँ र द्वितीय हुने टिमले चार लाख रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगिता फागुन २४ गतेसम्म चल्नेछ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## लुम्बिनी प्रदेश मन्त्रिपरिषद् बैठक, यि हुन चार निर्णय

नमस्ते समचारदाता

दाङ, फागुन/२१



लुम्बिनी प्रदेश सरकारको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न चार वटा निर्णय गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सम्पन्न बैठकले समपूरक तथा विशेष अनुदानका आयोजनाहरू स्वीकृत गरी राष्ट्रिय योजना आयोगमा पठाउने, प्रदेश सचिवहरुको जिम्मेवारी तोक्ने, प्रदेश खानेपानी, सरसफाई तथा स्वच्छता सेवा विधेयकको अवधारणापत्र माथि सैद्धान्तिक सहमति प्रदान गर्ने, तथा लुम्बिनी प्राविधिक विश्वविद्यालयको संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने निर्णयहरू गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो । मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार कविन्द्र नेपाललाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बलराम ढकाललाई युवा तथा खेलकुद मन्त्रालय, लोक बहादुर सुनारलाई आन्तरिक मामिला तथा कानून मन्त्रालय,नारद गौतमलाई उद्योग, पर्यटन तथा यातायात मन्त्रालयमा र दुर्गा लक्ष्मी श्रेष्ठलाई स्वास्थ्य मन्त्रालयको सचिवको जिम्मेवारी तोकिएको छ ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# विकासका लागि द्वन्द्व व्यवस्थापन

**भरत गौतम**

'बादे बादे जायते तत्व बोध' भन्नाले वादविवादबाट उचित निष्कर्ष निकाल्न सकिन्छ । द्वन्द्व व्यवस्थापनबाट उत्कृष्ट नतिजा प्राप्त हुन सक्छ भन्ने व्यवस्थापकीय मान्यता छ । विवादपछि संवाद र संवादपछि निचोडमा पुग्नु व्यवस्थापकीय कला हो भनिएको छ । संवादमा सरोकार पक्षका विचार र धारणाको अन्तरघुलन गरी उत्कृष्ट गन्तव्य तय गर्न सकिन्छ । द्वन्द्वलाई सकारात्मक रूपमा लिई सही मार्ग निर्धारण गर्न मद्दत पुग्छ । उत्कृष्ट गन्तव्यमा पुग्न गरिने क्रियाकलापले विकासलाई जनाउँछ । सकारात्मक सोचसँगै स्रोतसाधनको उपयोग, प्रविधिको प्रयोग, ज्ञान र सिपको भरपुर उपयोगबाट मात्र विकासको मार्गचित्र प्रस्तुत हुन्छ । व्यक्तिको विकासको प्रतिनिधित्वले समग्र विकासमा प्रभाव पार्छ । आर्थिक रूपमा सबल र सक्षम हुनु, सामाजिक रूपमा सामाजिक न्याय र समतामूलक विकासमा ध्यान दिनु, सांस्कृतिक रूपमा परिष्कृत हुनु र संरक्षण गर्नु विकासका प्रमुख आधार हुन् । सुख र समृद्धिको मार्ग तय गरी गन्तव्यमा पुग्न सक्रिय हुनुले विकासको प्रभावलाई देखाउँछ । विश्वमै हुने र नहुने बिचमा द्वन्द्व छ । वर्गबिचको असमानतामा द्वन्द्व छ । अवसर र पहुँचमा द्वन्द्व छ । धर्म संस्कृतिको आत्मसात् र धारण गर्नेबिचमा द्वन्द्व छ । राजनीतिक विचार र धारणामा पनि द्वन्द्व छ । यी सबैको प्रभाव विकासमा पनि देखिएको छ । विकासको निकासका लागि द्वन्द्व समाधानको रणनीति र कुशलता आजको आवश्यकता हो । शासकीय कुशलता भएका देशबाहेक अन्य देशमा विकासका द्वन्द्व बढी देखिन्छन् । आलेखलाई पूर्वाधार विकासमा हुने गरेका द्वन्द्व, द्वन्द्वले पार्ने प्रभाव र द्वन्द्वको व्यवस्थापनमा केन्द्रित गर्न खोजिएको छ । पूर्वाधार विकास वा सार्वजनिक निर्माण समग्र विकासको




मेरुदण्ड मानिन्छ । पूर्वाधार विकासले गर्ने रूपान्तरणसँगै हुन सक्ने विनाशको पनि आकलन गर्नु पर्छ । सैद्धान्तिक रूपमा पूर्वाधार विकास गर्नुपूर्व आर्थिक, समाजिक, वातावरणीय अध्ययन गरी आयोजनाको सुखद र दुःखद पक्षाको आकलन गरी नतिजाका आधारमा आयोजना सुरु गर्ने वा नगर्ने भन्ने निर्क्योल गरिएको हुन्छ । प्राप्त सूचनाको गलत प्रयोग वा दुःखद नतिजा आउने अवस्थाको बेवास्ता गरे द्वन्द्वको अवस्था सिर्जना हुन्छ । आयोजनाको आवश्यकता, प्रभावित हुने समुदाय, प्रकृतिको दोहनको अवस्था र अन्य निकायसँगको समन्वयकारी भूमिकाको आधारमा पनि द्वन्द्व आकलन गर्न सकिन्छ । पूर्वाधार विकासमा आन्तरिक रूपमा हुने द्वन्द्वमा बजेटको व्यवस्था, उपयुक्त निर्माण गर्ने व्यवसायीको छनोट, निर्माण सामग्रीको उपलब्धता, श्रमिकको व्यवस्थापन, सार्वजनिक निर्माण स्थलमा अवरोध नहुने सुनिश्चित, प्राविधिक पक्षको परामर्श र डिजाइनको स्पष्टता, गुणस्तरीयताका विषयसहित आयोजना व्यवस्थापन निकायबाट सौहार्दपूर्ण कार्य वातावरण जस्ता महत्वपूर्ण विषयमा सहजता हुनैपर्ने हुन्छ । बाह्य रूपमा जग्गा प्राप्तिको विषय, अन्य सरकारी निकायसँगको समन्वय, स्थानीय तह र बासिन्दाको सहयोग र प्रभावित समुदायको व्यवस्थापनलगायतका विषयमा सहजता हुनुपर्ने हुन्छ । पूर्वाधार विकासमा द्वन्द्व हुँदा आयोजना समयमा नहुने, आयोजनाको लागत बढ्ने, लाभान्वित वर्गले समयमै सार्वजनिक निर्माणको उपयोग गर्न नपाउने र द्वन्द्वले लामै समय लिए आयोजना रुग्ण हुने द्वन्द्वका कारण शान्तिसुरक्षामा समेत प्रतिकूलता आउन सक्छ । नेपालमा कालीगण्डकी डाइभर्सनको विषयमा आयोजनाको प्रारूप नहुँदै आएका विवाद, हालै केबुलकार निर्माणमा भएको विवाद, सडक, पुल र सिँचाइका आयोजना निर्माणमा देखिएका विवाद, विद्युत् प्राधिकरणका निर्माण कार्यमा देखिएका विवाद, अन्य संरचना निर्माणमा देखिएका विवादका कारण द्वन्द्व भएका छन् । समयसीमामा विकास निर्माण नभएका कारण जनताको आक्रोश, श्रमिकका सेवा सुविधा र स्थानीय बासिन्दाको अवरोध जस्ता विषयले पनि सार्वजनिक निर्माणमा द्वन्द्व देखिएका छन् ।

सार्वजनिक निर्माणमा द्वन्द्व नै नहुनेभन्दा पनि द्वन्द्वबाटै असल अभ्यास र सहज वातावरणका लागि जिम्मेवार निकायले उपयुक्त जुक्ति वा रणनीति बनाउनु पर्छ । सार्वजनिक निर्माणमा राज्य, निजी क्षेत्र र लाभान्वित वर्गबिच सौहार्द वातावरणको आवश्यकता छ । सार्वजनिक निर्माणको स्वरूप तयार हुनुभन्दा पहिले नै विस्तृत अध्ययनको आकलन गरी आयोजनाको सफलताको खाका कोर्नुपर्ने हुन्छ । सार्वजनिक निर्माणमा द्वन्द्व व्यवस्थापन गर्न सार्वजनिक खरिद ऐन र नियमावली, वित्तीय उत्तरदायित्व र जवाफदेहिता सम्बन्धी कानुन, क्षेत्रगत निर्माणका कानुन, वातावरण संरक्षणसम्बन्धी कानुन र निर्माण व्यवसायीको व्यवस्थापनसम्बन्धी कानुनलगायतका विषय स्पष्ट भएमा द्वन्द्वको प्रभाव कम गर्न सकिन्छ । सार्वजनिक निर्माणमा विवाद समाधान गर्न मध्यस्थकर्ता वा विवाद समाधानविज्ञको भूमिकाको उपयोग गरी विवाद समाधान गर्न सकिन्छ । विवादलाई अवरोधका रूपमा नहेरी नयाँ कौशल निर्माण हुने र कार्यक्षेत्रमा सहजताको वातावरण बन्ने आधार बनाउनु पर्छ । विवादले संवाद र संवादले निकास निकाल्ने कार्यलाई प्रोत्साहन गर्नु पर्छ । नेपालमा पूर्वाधार विकासमा भएका द्वन्द्वको समाधान गर्न सर्वप्रथम सम्भाव्य अध्ययन गर्दादेखि नै होसियार ीपूर्वक सूचनाको सङ्कलन र सकारात्मक पक्षको पाटोमा आउने नतिजामा ध्यान दिन आवश्यक छ । दबाब र प्रभावमा नभई वास्तविकतामा आयोजनाको सफलताको प्रक्षेपण गरी आउने जोखिमका विषयमा समेत स्पष्टता भए पूर्वाधार विकास सुरु गर्नुपूर्व अपनाउनुपर्ने होसियारीले द्वन्द्वको व्यवस्थापन गर्न सजिलो हुन्छ । आयोजनाको आवश्यकता र सबल पक्षका आधारमा सरोकार पक्षसँग समेत व्यापक छलफल गरी आयोजना सुरु गरेमा सफलता प्राप्त गर्न सजिलो हुन्छ । दोस्रोमा आयोजना स्थलको पहिचान र रेखाङ्कन गर्ने, अन्य अवरोध नआउने अवस्था भएपछि मात्र आयोजना सुरु गर्दा द्वन्द्व कम हुन सक्छ । रेखाङ्कनभित्रका जग्गा प्राप्ति वा उपयोगको सुनिश्चितता, वन र सार्वजनिक जग्गाको उपयोग एवं आयोजनाको रेखाङ्कन क्षेत्रबाहिर हुने असर जस्ता विषयमा घनीभूत छलफल गरी निचोडमा पुगेपछि मात्र आयोजनाको निर्माण सुरु गरेमा द्वन्द्वको प्रभाव न्यून गर्न सकिन्छ । पूर्वाधार विकासमा लाभान्वित वर्गको सहभागिताको विषय र प्रभावित हुने समुदायको समेत सहभागितामा ध्यान दिन सके द्वन्द्वको अवस्था रहँदैन । जस्तै, जलविद्युत् उत्पादनमा प्रभावित वर्गलाई सेयर दिने विषय र लाभान्वित हुने वर्गको लागत सहभागिता । निजी क्षेत्रले आयोजना सुरु गर्दा सामाजिक उत्तर दायित्वका सफल योजना प्रभावित समुदायमा सञ्चालन गर्न सूचना प्रवाह गरेमा प्रभावित समुदाय खुसी हुन्छन् र आयोजना सफल गराउन सहयोग गर्दछन् । तेस्रोमा आयोजनामा प्रत्यक्ष/अप्रत्यक्ष सरोकार निकाय र पक्षबिच सामूहिक रूपमा आयोजना निर्माणमा सहजता ल्याउन सहजीकरण समिति वा सल्लाहकार समूह गठन गरी विवाद आए संवाद गर्न विभिन्न विधि तय गरी द्वन्द्वको सहज निकास निकाल्न सकिन्छ । स्थानीय सरकार र बासिन्दाले आयोजना सफल बनाउन सहयोग गर्ने अवस्था सिर्जना गर्नु पर्छ । चौथोमा आयोजनाको व्यवस्थापन गर्ने निकायको कार्यसमूह र निर्माण व्यवसायीबिच प्राविधिक ज्ञान र सिपको उच्चतम प्रयोग एवं जोखिम व्यवस्थापन गर्ने रणनीतिक योजनासहितको सहकार्यता महत्वपूर्ण मानिन्छ । कुनै पनि समस्याको समाधान गर्न सक्षमताको सिप र कौशलले द्वन्द्वबाट उत्कृष्ट नतिजा निकाल्न सकिन्छ र आवश्यकता भए द्वन्द्व व्यवस्थापनविज्ञको सहयोग लिनुपर्ने हुन्छ । पाँचौँमा आयोजना निर्माण गर्न चाहिने सामग्री, प्रविधि, बजेट, श्रमिकको व्यवस्थापनसहित लागत र समयतालिकासहितको आयोजनाको विस्तृत विवरणको सूचना सार्वजनिकीकरण गर्न आवश्यक छ, जसले सार्वजनिक रूपमा आयोजनाको सूचना प्राप्त भई नागरिक सुसूचित हुन्छन् अनि विवादको सम्भावना कम हुन्छ । समयतालिका बनाई आयोजना कार्यान्वयन एकाइले अनुगमन र मूल्याङ्कन गरी निर्माण व्यवसायीलाई सुझाव दिनु पर्छ । सार्वजनिक निर्माण नागरिकको अधिकारको विषय हो । राज्य र निजी क्षेत्र दुवैले सार्वजनिक निर्माण गर्न सक्छन् । राज्यले नागरिकको सुविधामा केन्द्रित भई काम गर्नुपर्ने हुन्छ भने निजी क्षेत्र नाफाकेन्द्रित आयोजना निर्माण गर्न प्रेरित हुन्छन् । आयोजना जसको भए पनि तोकिएको समय र लागतमा गुणस्तरीय पूर्वाधार बन्नु पर्छ । विवाद र द्वन्द्व नहुने गरी काम गर्दा आयोजनाको सफलताको लाभ समयमै प्राप्त हुन्छ । विवादलाई सकारात्मक रूपमा लिई समयमै समाधानका लागि उत्कृष्ट विधि तय गर्न ध्यान दिनु पर्छ र आयोजनाको उद्देश्य पूरा हुन्छ ।

*-गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा

### मुख्यमन्त्री कोहलपुर गोल्डकप

# आयोजक रेसिङ साहारा क्लब फाइनल प्रवेश

■ नमस्ते समचारदाता

कोहलपुर, फागुन/२१




मुख्यमन्त्री कोहलपुर गोल्डकपमा कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरेको छ। बुधबार प्लानिङ व्वाईज युनाइटेड क्लब,काठमाडौँलाई पेनाल्टी सुटआउटमा हराउँदै कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरेको हो । दोस्रो हाफको ४७औँ मिनेटमा कोहलपुर रेसिङ साहारा क्लबका श्याम बिडारीले पहिलो गोल गरेर टिमलाई अग्रता दिलाएका थिए। खेलको ५६औँ मिनेटमा प्लानिङ व्वाईज युनाइटेड क्लब,काठमाडौँ ओम प्रकाश चौधरीले बराबरी गोल फर्काए । निर्धारित समयमा ११ को बराबरी भएपछि पेनाल्टी सुटआउटमा प्लानिङलाई ४-३ ले हराउँदै कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरेको हो । आयोजक कोहलपुर रेसिङ साहारा क्लबको यो दोस्रो जित हो । समूह चरणको पहिलो खेलमा कोहलपुर रेसिङ साहारा क्लबले लुम्बिनी फुटबल एकेडेमीलाई हराएको थियो । खेलको म्यान द म्याच कोहलपुर रेसिङ साहारा क्लबका गोलकिपर अमानत शेष भए। उनले नगद् पाँच हजार रुपैयाँ प्राप्त गरे । शेषलाई नेपालगन्ज उपमहानगर पालिकाका नगरप्रमुख प्रसान्त विष्ट र कोहलपुर नगरपालिकाका उपप्रमुख संगीता सुवेदीले नगद्सहित ट्रफी हस्तान्त्रण गरेका थिए । कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा फागुन १७गतेदेखि प्रतियोगिता सुरु भएको हो । घाना र भारतीसहित आठ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रुपैयाँ र द्वितीय हुने टिमले चार लाख रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगिता फागुन २४ गतेसम्म चल्नेछ ।

# फोहोर बेचेर मनग्य कमाउँदै धनगढी उपमहानगरपालिका



■ नमस्ते समचारदाता

धनगढी, फागुन/२१

धनगढी उपमहानगरपालिका-२ मा सञ्चालित सूक्ष्म वर्गीकरण केन्द्रले कुहिने र नकुहिने फोहोर बिक्री गरेर रु ४५ लाख ५५ हजार आम्दानी गरेको छ । केन्द्रले गत आर्थिक वर्षमा रु २५ लाख ५५ हजार र चालु आवको आठ महिनामा रु २० लाख आम्दानी गरेको हो । उपमहानगर पालिकाका वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थीका अनुसार उपमहानगरपालिकाले आव २०८०/०८१ को साउनदेखि सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई चालु आवदेखि निजी कम्पनीमार्फत ठेक्का लगाई फोहोर बिक्री गर्दै आएको छ । धनगढीको नन्दादेवी सेवा केन्द्रलाई २०८१ देखि २०८६/८७ सम्म पाँच वर्षका लागि ठेक्का दिइएको छ । ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्नेगरी ठेक्का सम्झौता गरेको छ । उपमहानगर पालिकाका १९ वडामध्ये हाल नौ वटा वडाबाट दैनिक २१ टन फोहोर सङ्कलन गरेर केन्द्रले फोहर वर्गीकरण गरी बिक्री गर्ने गरिएको छ । बाँकी १० वटा वडामा सर सफाइ अभियानमार्फत व्यापारिक केन्द्रमा डस्टबिन राखेर फोहर सङ्कलन गरिरहेको छ । प्लास्टिक, फलाम, टिन, आल्मुनियम, रबर, जुत्ता, कागज सबै अलगअलग वर्गीकरण गरेर बिक्री गर्ने गरिएको उपमहानगरपालिकाले जनाएको छ । कुरकुरे र चाउचाउका प्लास्टिकजन्य नकुहिने फोहर व्यवस्थापनमा समस्या भएको छ । यस्तो फोहोरलाई वडाको सिफारिसमा खाली जमिनमा व्यवस्थापन गरिँदै आएको बताउँदै अवस्थीले भने, "सङ्कलित फोहर मध्ये ७० प्रतिशत प्रयोगमा ल्याउने गरिएको छ, सङ्कलित फोहरमध्ये कुहिने फोहरबाट बायोग्यास निकालिने गरिएको छ ।" धनगढी बजार र अन्य वडाका बस्तीबाट २१ वटा ट्र्याक्टरमार्फत कुहिने ठोस र नहुकिने फोहोर सङ्कलन गरी केन्द्रमा लगेर कागज, प्लास्टिक, धातु, कपडा, सिसा, काठ, दाउरा, विभिन्न किसिमका तार, रेडियो, टिभी, मोबाइललगायत विद्युतीय सामग्री र रबरलाई छुट्याएर राख्ने गरिएको छ । वर्गीकरण केन्द्रमा कागज, प्लास्टिकलगायत फोहोर टुक्र्याउन र दबाउन तीनवटा मेसिन राखिएका छन् । उपमहानगर पालिकाले १५ वर्षका लागि वार्षिक रु एक लाख २५ हजार का दरले भाडा तिर्नेगरी दुई बिघा जमिन भाडामा लिई रु ३० लाख लगानीमा केन्द्र सञ्चालनमा ल्याएको हो। बजारबाट सङ्कलित फोहोरलाई धनगढी, विराटनगर, भैरहवा र दाङलगायत बजार र केही स्थानीय बजारमा बिक्री गर्दै आइरहेको केन्द्र सञ्चालक हस्तबहादुर शाहले बताए। सूक्ष्म वर्गीकरणमा अहिले एक सय ४० जनाले रोजगारी पाएका छन् । केन्द्रको अवलोकनका लागि देशभरका स्थानीय तहका जनप्रतिनिधि आउने गरेका छन् ।

### हुम्लाका सात वटै पालिकामा

# पाठ्यपुस्तक विद्यार्थीका हात हातमा

■ नमस्ते समचारदाता

हुम्ला, फागुन/२१



जिल्लाका सात वटै गाउँपालिकाका लागि यसवर्षका लागि पाठ्यपुस्तक आइपुगेर विद्यार्थीको हातहातमा परेको छ। जनक शिक्षा सामग्री केन्द्रको नेपालञ्ज शाखाबाट पुस्तक ढुवानीको जिम्मा पाएको सप्लायर्सले पैदल मार्गबाट ढुवानी गरेर गाउँपालिका केन्द्रहरुमा ल्याइपुऱ्याएका थिए । जनक शिक्षा सामग्री केन्द्रले हुम्लाका सात वटै गाउँपालिकाका लागि पुस्तक लग्ने र गाउपालिकामा पुऱ्याउने कार्य भएको जनाएको छ। हिमाली जिल्ला हुम्ला डोल्पाका लागि पुस्तक बिक्री सुरु भएको हो । गाउँपालिकाका सवै विद्यालयका लागि पाठ्यपुस्तक आइपुगेर बितरण कार्य पनि पूरा भएको खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्णबहादुर रावलले बताए। पाठ्य पुस्तक गाउँपालिकामा पुगेसंगै बिद्यालय लाई बितरण कार्य पनि भएको छ। खार्पुनाथमा सत्र वटा सामुदायीक विद्यालयहरु रहेका छन्। गाउँपालिकाका लागि पुस्तक ढुवानीको जिम्मा सुमन पुस्तक पसलले लिएको थियो। माघ २० गतेबाट मसान्तसम्म भर्ना अभियान, फागुन ७ गतेबाट १२ गतेसम्म पुरकपरिक्षा र १३ र १४ गते पुस्तक बितरण गर्ने कार्य भएको हो। यसअघि सिमकोट र नाम्खा गाउँपालिकाका ३५ वटा सामुदायीक विद्यालयका लागि पुस्तक ढुवानीको जिम्मा लिएको रोकाया पुस्तक पसलका प्रतिनिधि ज्ञानबहादुर रोकायाले नयाँ शैक्षिक सत्र सुरु हुनु भन्दा एक हप्ता अगाडी नै पाठ्य पुस्तक सदर मुकाम सिमकोटमा पुर्याएर बिक्री सुरु भइरहेको छ। रोकायाले यी दुई गाउँपालिकाका लागि कक्षा एक, दुई र चारका लागि एक हजार ५५ सेट पुस्तक जिल्लामा ढुवानी गरेर ल्याई पुर्याउनु थियो् भने कक्षा ३, ५, ६, ७, ८, ९, १० , ११ र १२ का लागि एक हजार ९६० सेट पुस्तक ढुवानी गरेर ल्याईएको हो । यता सर्केगाड गाउँपालिकाका विद्यालयहरुका लागि पुस्तक खरिद र ढुवानीको जिम्मा लिएको ज्ञानु बुक्स एण्ड स्टेस्नरीले पुस्तक खरिद गरेर गाउपालिकामा पुर्याएको जनाएको छ। सर्केगार्ड गाउँपालिकामा ३२ वटा विद्यालय रहेका छन्। त्यस्तै चर्ताली, अदानचुली र ताँजाकोट गाउँपालिकाकाका ५७ वटा विद्यालयका लागि पनि पाठ्य पुस्तक खरिद गरेर गाउँपालिकामा पुऱ्याएर विद्यार्थीको हातमा पुर्ने कार्य भएको एलवी सप्लायर्सले जनाएको छ । गाउँपालिका केन्द्रमा पुस्तक पुगेको र बितरण पनि सुरु भएको छ। शिक्षा बिकास तथा समन्वय एकाईले हुम्ला जिल्लामा १४१ वटा विद्यालयहरुमा २० हजार ३९० विद्यार्थीहरु अध्ययन गर्दै आएकोले यसवर्ष नयाँ शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि पुस्तक जिल्लामा पुगेको उल्लेख गरेको छ। आवश्यक पुस्तक सेट जिल्लामा आएका छन। यससमय मै पाठ्य पुस्तक विद्यार्थीहरुका हात पर्ने र बिगतको भोगेको समस्या नदोहोरिने अवस्था रहेको छ।

## बालबालिकामा शिक्षाको पहुँच पुऱ्याऔं

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

# नेपालका लागि म्यान्मारका राजदूतद्वारा लुम्बिनी प्रदेशका मुख्यमन्त्रीसँग शिष्टाचार भेट

नमस्ते समचारदाता
दाङ, फागुन/२१



नेपालका लागि म्यान्मारका राजदूत उ म्यो म्यिन्ट माउङले बुधबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसँग शिष्टाचार भेट गर्नुभएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी)मा भएको भेटवार्तामा दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने, आपसी सहयोग आदानप्रदान गर्ने तथा सहकार्यलाई विस्तार गर्ने विषयमा छलफल भएको थियो । मुख्यमन्त्री आचार्यले नेपाल-म्यान्मार विकास साझेदारीलाई अझ मजबुत बनाउँदै दातृ निकायहरूसँग सहकार्य गरेर प्रदेशलाई समृद्ध बनाउन पहल भइरहेको बताउनुभयो । साथै, लुम्बिनी प्रदेशमा कृषि, पर्यटन, मौलिक कला तथा संस्कृतिको समृद्धि रहेको र यी क्षेत्रहरूको प्रवर्द्धन तथा विकासका लागि म्यान्मार सरकार तथा सम्बन्धित साझेदारहरूसँग सहकार्य गर्ने अपेक्षा रहेको उल्लेख गर्नुभयो । मुख्यमन्त्री आचार्यले नेपाल र म्यान्मारबीच ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा व्यापारिक सम्बन्ध रहेको बताउँदै म्यान्मार सरकारले लुम्बिनीमा चैत्य निर्माण गरी यहाँको विकासमा पुर्‍याएको योगदानप्रति आभार व्यक्त गर्नुभयो । 'नेपाल र म्यान्मारबीच धेरै आर्थिक, सामाजिक तथा सांस्कृतिक समानताहरू रहेका छन्, जसका आधारमा दुवै देशबीच विभिन्न क्षेत्रहरूमा सहकार्यलाई प्रवर्द्धन गर्न सकिन्छ' उहाँले भन्नुभयो, 'विशेष गरी, म्यान्मारका बौद्ध धर्मावलम्बीहरूलाई लुम्बिनीमा सहज रूपमा आउन प्रेरित गर्न तथा दुवै देशबीच व्यापार र आर्थिक गतिविधि वृद्धि गर्न हवाई सम्पर्क स्थापना गर्नु आवश्यक छ ।' नेपाल र म्यान्मार बीच १९६० को मार्च १९ मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएपछि दुवै मुलुकबीच आपसी मित्रता र सहकार्य निरन्तर सुदृढ हुँदै आएको छ । बौद्ध धर्मावलम्बी बहुल राष्ट्र म्यान्मार र गौतम बुद्धको जन्मस्थल नेपालबीच धार्मिक, सांस्कृतिक तथा व्यापारिक सम्बन्ध गहिरो रहेको छ । भेटमा कृषि, खाद्य सुरक्षा, पर्यटन र सांस्कृतिक क्षेत्रमा आपसी सहयोग विस्तार गर्ने पर्याप्त अवसरहरू रहेको विषयमा छलफल भएको थियो । मुख्यमन्त्री आचार्यले कृषि तथा पर्यटन क्षेत्रमा अध्ययन र अनुसन्धान साझा गर्दै दुवै देशलाई लाभान्वित गर्न सकिने बताउनुभयो । राजदूत उ म्यो म्यिन्ट माउङले नेपाल र म्यान्मार सांस्कृतिक तथा धार्मिक सम्बन्धले जोडिएको बताउँदै यो सम्बन्धलाई जनस्तरमा विस्तार गर्न सकिने उल्लेख गर्नुभयो । उहाँले गौतम बुद्धको जन्मस्थल लुम्बिनीले नेपाल-म्यान्मार सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभयो । साथै, म्यान्मार सरकार लुम्बिनी प्रदेश सरकारसँग साझेदारी गर्न इच्छुक रहेको जानकारी गराउनुभयो । भेटको क्रममा मुख्यमन्त्री आचार्यले लुम्बिनीको पहिचान 'ढाका टोपी' राजदूत म्यिन्ट माउङ र उहाँको कार्यदलका सदस्यहरूलाई लगाइदिनुभयो भने गौतम बुद्धको मूर्ति समेत हस्तान्तरण गर्नुभयो ।

# अस्ट्रेलियालाई हराउँदै भारत च्याम्पियन्स ट्रफीको उपाधि नजिक



नमस्ते समचारदाता
काठमाडौँ, फागुन/२१

भारत आइसिसी च्याम्पियन्स ट्रफी २०२५ को उपाधि नजिक पुगेको छ। मंगलबार दुबईमा भएको पहिलो सेमिफाइनलमा अस्ट्रेलियालाई ४ विकेटले पराजित भारत फाइनलमा प्रवेश गरेको हो । अब उपाधिका लागि भारतले दक्षिण अफ्रिका वा न्यूजिल्यान्डमध्ये एक टोलीसँग आइतबार दुबईमा नै प्रतिस्पर्धा गर्नेछ। दक्षिण अफ्रिका र न्यूजिल्यान्ड बुधबार पाकिस्तानको लाहोरमा हुने दोस्रो सेमिफाइनलमा भिड्दैछ । मंगलबार दुबई अन्तर्राष्ट्रिय मैदानमा अस्ट्रेलियाले दिएको २६५ रनको लक्ष्य भारतले ६ विकेटको क्षतिमा ४८.१ ओभरमा पूरा गर्‍यो । भारतका लागि विराट कोहलीले ८४ रन जोडे। उनले ९८ बल खेलेर ५ चौका प्रहार गरे। त्यसअघि कप्तान तथा ओपनर रोहित शर्माले २८ रन बनाए। अर्का ओपनिङ ब्याटर शुभमन गिल ८ रनमा आउट भए। श्रेयस अय्यर ४५ रन र अक्षर पटेल २७ रनमा आउट भए। केएल राहुलले नटआउट ४२ रन बनाउँदा हार्दिक पाण्ड्या २४ बलमा २८ रन जोडेर आउट भए। बलिङमा अस्ट्रेलियाका नाथाइल्स र एडम जाम्पाले २-२ विकेट लिए। मंगलबार दुबईमा टस जितेर पहिलब्याटिङ गरेको अस्ट्रेलिया ४९.३ ओभरमा २६४ रनमा अलआउट भयो । अस्ट्रेलियाका लागि कप्तान स्टिभ स्मिथले ९६ बलमा ४ चौका र १ छक्काको मद्दतमा ७३ रन बनाए। एलेक्सा क्यारीले रनआउट हुनुअघि ५७ बलमा ८ चौका र १ छक्का प्रहार गर्दै ६१ रनको योगदान गरे । ओपनर ट्राभिस हेडले ३९ रन बनाउँदा उनका ओपनिङ पार्टनर कूपर कनोली शून्यमा आउट भए। मार्नस लबुसेन ११ रन र ग्लेन म्याक्सवेल ७ रन मात्र जोड्न सके। बलिङमा भारतका मोहमद शामीले ३ विकेट लिए। बरुण चक्रवर्ती र रवीन्द्र जडेजाले २-२ विकेट हात पार्दा हार्दिक पाण्ड्या र अक्षर पटेलले १-१ विकेट आफ्नो नाममा लेखाए ।

# सवारीचालक अनुमतिपत्र अब प्रदेशमै लाइसेन्स छापिने

नमस्ते समचारदाता
काठमाडौँ, फागुन/२१




आगामी साउन १ गतेदेखि सवारीचालक अनुमतिपत्र छपाइ गर्न सात वटै प्रदेश सरकार तयार भएका छन् । यातायात व्यवस्था विभागले अहिलेसम्म छपाइ गर्न बाँकी सवारीचालक अनुमतिपत्र (लाइसेन्स) को छपाइ गर्ने र आगामी वैशाख १ देखि साउन १ गतेसम्ममा सबै प्रदेशले सवारीचालक अनुमतिपत्रको छपाइ गर्ने गरी निर्णय भएको हो । सिंहदरबारस्थित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मङ्गलबार सातै प्रदेशका यातायात सम्बद्ध मन्त्री र सचिवसहितको विषयगत समितिको बैठकले त्यस्तो निर्णय गरेको हो । बैठकमा सवारीचालक अनुमति छपाइ प्रदेशबाटै छपाइ गर्नुका साथै सवारीसाधनमा इम्बोस्ड नम्बर जडानलाई तीव्रता दिनसमेत प्रदेशका मन्त्री तथा सचिवहरूले प्रतिबद्धता जनाउनुभयो ।निर्णयमा सङ्घीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारी, मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री कौशलकिशोर राय, बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जन, गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसी, लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात व्यवस्थामन्त्री प्रचण्डविक्रम न्यौपाने, सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पाल तथा घोराही उपमहानगर पालिकाका प्रमुख नरुलाल चौधरीले हस्ताक्षर गर्नुभयो । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा भएको बैठकमा सात वटै प्रदेशबाट जारी हुने सवारीचालक अनुमतिपत्रमा एकरूपताका लागि यातायात व्यवस्था विभागले चालक अनुमतिपत्रको ढाँचासमेत तयार पारेको हो । राइड सेयरिङलाई व्यवस्थित गर्न र प्रदेशबिच नीतिगत समन्वय गरी एकरूपता गर्न प्रदेश सरकारको सहभागितामा सङ्घीय सरकारले नीतिगत व्यवस्था गर्ने र सम्बन्धित प्रदेशले लागु गर्ने निर्णय गरिएको छ । त्यसै गरी यातायात क्षेत्रमा हुने भुक्तानी प्रणालीलाई विद्युतीय बनाउने र आउँदो चैत मसान्तभित्र सबै प्रदेशबाट विद्युतीय भुक्तानी प्रणाली सुरु गर्ने निर्णय भएको छ । प्रारम्भमा विद्युतीय सवारीचालक अनुमतिपत्र 'इडिएल' मा लागु हुने र क्रमशः भुक्तानीका सबै क्षेत्रमा लागु गर्ने निर्णय भएको हो । मङ्गलबारको बैठकले अघिल्लो बैठकका निर्णयको समीक्षा गर्दै पछिल्लो बैठकका निर्णय कार्यान्वयनको पनि नियमित समीक्षा हुने जनाइएको छ । यातायात व्यवस्थापनमा सङ्घीयताको अभ्यास मन्त्री दाहालले बैठकले गरेका निर्णयसँगै यातायात क्षेत्रमा सङ्घीयता कार्यान्वयनले गति लिने भन्दै संविधानले दिएका अधिकारको कार्यान्वयनमा दर्बिलो हुन प्रदेश मन्त्रीलाई आग्रहसमेत गर्नुभयो । प्रदेशले पाएका अधिकार कार्यान्वयनमा सङ्घीय मन्त्रालयले सधैँ सहयोग गर्ने भन्दै उहाँले राजस्वमा वृद्धि हुने, नागरिकलाई छरितो रूपमा सेवा प्रवाह हुने जस्ता विषयको कार्यान्वयनलाई प्राथमिकता दिनसमेत आग्रह गर्नुभयो ।




जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके